# तारकेश्वर गाउँपालिका

# आर्थिक विधयेक २०८२

कार्यपालिकाबाट स्वीकृत

मिति २०८२ असार १० गते

# तारकेश्वर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधयेक, २०८२

**प्रस्तावना** : तारकेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम तारकेश्वर गाउँकार्यपालिकाले यो विधयेक स्विकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (क) यस विधयेकको नाम "आर्थिक विधयेक, २०८२" रहेको छ ।

(ख) यो विधयेक गाउँसभाबाट स्विकृत भएपश्चात २०८२ साल श्रावण १ गतेदेखि तारकेश्वर गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "विधयेक" भन्नाले तारकेश्वर गाउँपालिकाको आर्थिक विधयेक, २०८२ सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले तारकेश्वर गाउँकार्यपालिका सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले तारकेश्वर गाउँपालिका सम्झनु पर्दछ ।

घ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका जुनसुकै फर्म सम्झनु पर्दछ ।

ङ) "व्यक्ती" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका जुनसुकै व्यक्ती सम्झनु पर्दछ।

च) "सभा" भन्नाले तारेश्वर गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

छ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ ।

३. **सम्पति कर** : तारकेश्वर गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ती कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर** : तारकेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम जग्गाा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **भूमि कर** : तारकेश्वर गाउँपालिका क्षेत्रभित्र अनुसूची (३) बमोजिम भूमि/मालपोत कर लगाइनेछ।

६. **व्यवसाय कर** : तारकेश्वर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची(४) बमोजिम व्यवसाय कर लगाई असूल उपर गरिनेछ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : तारकेश्वर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकवास, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **विज्ञापन कर** : तारकेश्वर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **सेवा शुल्क, दस्तुर, महशुल** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **नक्सापास दस्तुर** : यस गाउँपालिका क्षेत्रभित्र निर्माण भएका सम्पुर्ण पक्की भवनहरुको नक्सापासको लागी नक्सापास सम्बन्धी कार्यबिधिमा व्यवस्था भएअनुसार अनुसुची (८) वमोजिमको दस्तुर लगाईनेछ ।

११. **दहत्तर बहत्तर शुल्क** : आ.व. २०८२/०८३ को दहत्तर बहत्तरको संकलन, बिक्रि निकासीमा बागमती प्रदेशको आर्थिक ऐन २०८२ को अधिनमा रही दहत्तर, बहत्तर तथा निकासी शुल्क लिईनेछ ।

१२. **बिक्रि शुल्क** : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) तथा बागमती प्रदेशको आर्थिक ऐन २०८२ ले दिइएको अधिकार प्रयोग गरी तारकेश्वर गाउँपालिका क्षेत्र भित्र अनुसुचि (९) मा उल्लेखित दरमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवम् माटोजन्य बस्तु काठ, जराजुरी, दहत्तर, बहत्तर आदिको संकलन तथा बिंक्री गरी बिक्री शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसायको क्षेत्रमा बागमती प्रदेशको आर्थिक ऐन २०८२ को अधिनमा रहि मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको कर समेत संकलन गरी प्रदेश बिभाज्य कोषमा बाँडफाँड गरिनेछ ।

१४. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ती वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

तर बिपद् माहामारीका कारण कर संकलन कार्य प्रभावित भएमा प्रभावित अबधी भरका लागी राजश्व परामर्श समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकाले आवश्यकता र औचित्य हेरी समानुपातिक रुपले कर छुट दिन सक्नेछ ।

१५. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१६. बाधा अड्काउ फुकाउ : यस ऐनको कार्यान्वयनमा कुनै असहजता परेमा गाउँकार्यपालिकाले सो को सहजिकरण गरी कार्यान्बयनमा देखिएको बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

अनुसूचि १

(दफा ३ सँग सम्बन्धित)

## गाउँपालिकाले लगाउने सम्पति करका दरहरु

| क्र.सं. | सम्पत्तीको मुल्यांकन | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु.१ देखि रु.५० हजारसम्म | १५।०० | |
| २ | रु. ५० हजार भन्दा माथि रु. १ लाखसम्म | ३०।०० | |
| ३ | रु. १ लाख भन्दा माथि रु. ३ लाखसम्म | ५०।०० | |
| ४ | रु. ३ लाख भन्दा माथि रु. ४ लाखसम्म | ६०।०० | |
| ५ | रु. ४ लाख भन्दा माथि रु. ५ लाखसम्म | ७५।०० | |
| ६ | रु. ५ लाख भन्दा माथि रु. ६ लाखसम्म | ८०।०० | |
| ७ | रु. ६ लाख भन्दा माथि रु. ७ लाखसम्म | १००।०० | |
| ८ | रु. ७ लाख भन्दा माथि रु. ८ लाखसम्म | ११०।०० | |
| ९ | रु. ८ लाख भन्दा माथि रु. १० लाखसम्म | १२०।०० | |
| १० | रु. १० लाख भन्दा माथि रु. १२ लाखसम्म | १५०।०० | |
| ११ | रु. १२ लाख भन्दा माथि रु. १४ लाखसम्म | १७०।०० | |
| १२ | रु. १४ लाख भन्दा माथि रु. १६ लाखसम्म | २००।०० | |
| १३ | रु. १६ लाख भन्दा माथि रु. १८ लाखसम्म | २२०।०० | |
| १४ | रु. १८ लाख भन्दा माथि रु. २० लाखसम्म | २५०।०० | |
| १५ | रु. २० लाख भन्दा माथि रु. २२ लाखसम्म | २८०।०० | |
| १६ | रु. २२ लाख भन्दा माथि रु. २४ लाखसम्म | ३००।०० | |
| १७ | रु. २४ लाख भन्दा माथि रु. २६ लाखसम्म | ३५०।०० | |
| १८ | रु. २६ लाख भन्दा माथि रु. २८ लाखसम्म | ४००।०० | |
| १९ | रु. २८ लाख भन्दा माथि रु. ३० लाखसम्म | ५००।०० | |
| २० | रु. ३१ लाख भन्दा माथि रु. ३३ लाखसम्म | ६००।०० | |
| २१ | रु. ३३ लाख भन्दा माथि रु. ३५ लाखसम्म | ७००।०० | |
| २२ | रु. ३५ लाख भन्दा माथि रु. ३७ लाखसम्म | ८००।०० | |
| २३ | रु. ३७ लाख भन्दा माथि रु. ३८ लाखसम्म | ८५०।०० | |
| २४ | रु. ३८ लाख भन्दा माथि रु. ४० लाखसम्म | ९००।०० | |
| २५ | रु. ४० लाख भन्दा माथि रु. ४२ लाखसम्म | १०००।०० | |
| २६ | रु. ४२ लाख भन्दा माथि रु. ४४ लाखसम्म | ११००।०० | |
| २७ | रु. ४४ लाख भन्दा माथि रु. ४६ लाखसम्म | १२००।०० | |
| २८ | रु. ४६ लाख भन्दा माथि रु. ४८ लाखसम्म | १३००।०० | |
| २९ | रु. ४८ लाख भन्दा माथि रु. ५० लाखसम्म | १४००।०० | |
| ३० | रु. ५० लाख भन्दा माथि रु. ५३ लाखसम्म | १५००।०० | |
| ३१ | रु. ५३ लाख भन्दा माथि रु. ५५ लाखसम्म | १६००।०० | |
| ३२ | रु. ५५ लाख भन्दा माथि रु. ५७ लाखसम्म | १७००।०० | |
| ३३ | रु. ५७ लाख भन्दा माथि रु. ६० लाखसम्म | १८००।०० | |
| ३४ | रु. ६० लाख भन्दा माथि रु. ६२ लाखसम्म | २०००।०० | |
| ३५ | रु. ६२ लाख भन्दा माथि रु. ६५ लाखसम्म | २३००।०० | |



CamScanner

| | | | |
|---|---|---|---|
| ३६ | रु. ६५ लाख भन्दा माथि रु. ६७ लाखसम्म | २५०० ।०० | |
| ३७ | रु. ६७ लाख भन्दा माथि रु. ८० लाखसम्म | २७०० ।०० | |
| ३८ | रु. ८० लाख भन्दा माथि रु. ८५ लाखसम्म | २९०० ।०० | |
| ३९ | रु. ८५ लाख भन्दा माथि रु. ९० लाखसम्म | ३२०० ।०० | |
| ४० | रु. ९० लाख भन्दा माथि रु. १ करोड सम्म | ४००० ।०० | |
| ४१ | रु. १ करोड भन्दा माथि रु. १ करोड २० लाख सम्म | ५५०० ।०० | |
| ४२ | रु. १ करोड २० लाख भन्दा माथि रु. १ करोड ५० लाख सम्म | ६००० ।०० | |
| ४३ | रु. १ करोड ५० लाख भन्दा माथि रु. १ करोड ८० लाख सम्म | ८,००० ।०० | |
| ४४ | रु. १ करोड ८० लाख भन्दा माथि रु. २ करोडसम्म | ९,००० ।०० | |
| ४५ | रु. २ करोड भन्दा माथि रु. २ करोड ३० लाख सम्म | १०,००० ।०० | |
| ४६ | रु. २ करोड ३० लाख भन्दा माथि रु. २ करोड ५० लाख सम्म | १२,००० ।०० | |
| ४७ | रु. २ करोड ५० लाख भन्दा माथि रु. २ करोड ७५ लाख सम्म | १५,००० ।०० | |
| ४८ | रु. २ करोड ७५ लाख भन्दा माथि रु. ३ करोडसम्म | १८,००० ।०० | |
| ४९ | रु. ३ करोड भन्दा माथि रु. ३ करोड २५ लाख सम्म | १९,००० ।०० | |
| ५० | रु. ३ करोड २५ लाख भन्दा माथि रु. ३ करोड ५० लाख सम्म | २०,००० ।०० | |
| ५१ | रु. ३ करोड ५० लाख भन्दा माथि रु. ३ करोड ७५ लाख सम्म | २२,००० ।०० | |
| ५२ | रु. ३ करोड ७५ लाख भन्दा माथि रु. ४ करोड सम्म | २५,००० ।०० | |
| ५३ | रु. ४ करोड भन्दा माथि रु. ४ करोड ५० लाख सम्म | २७,००० ।०० | |
| ५४ | रु. ४ करोड ५० लाख भन्दा माथि रु. ५ करोडसम्म | ३०,००० ।०० | |
| ५५ | रु. ५ करोड भन्दा माथि ०.१३ प्रतिशतका दरले कुल मुल्यमा | | |

**सम्पत्ती कर प्रयोजनका लागि घर संरचनाको मुल्यांकन**

**तथा ह्रास कट्टी दर**

| सि.नं. | संरचनाको किसिम | २०८२।०८३ को लागि निर्धारित दर | | कैफियत |
|---|---|---|---|---|
| | | मूल्यांकन दर प्रति वर्गफिट | ह्रास कट्टी प्रति बर्ष प्रतिशत | |
| १ | आर.सि.सि. पक्की घर | १०००।०० | १ | |
| २ | सिमेन्ट जोडाई, जस्ताको छाना | ४५०।०० | २ | |
| ३ | ढुंगा माटो जोडाई कच्ची घर | ३००।०० | ३ | |
| ४ | लिफ्ट एक्सलेटर जडान गरेका आर.सि.सि. घर | १५००।०० | १ | |
| ५ | स्टिल फ्रेम स्टक्चर तथा फयाब्रिक्स | १२००।०० | १ | |

अनुसूची २

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने घर जग्गा बहाल करका क्षेत्र र दरहरु

गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा सम्वन्धित घर वा जग्गाधनिवाट कृषि प्रयोजनको लागि जग्गा बहाल कर १%, आवासिय प्रयोजनका लागि जग्गा वहाल कर ३% र व्यावसायिक प्रयोजनका लागि जग्गा बहाल कर १०% कर लिने । घरभाडा सम्झौता अनुसार हुने रकम गाउँपालिकाले तोकेको दर न्युनतम भाडा दर अनुसार जुन वडी हुन्छ सो अनुसार भाडा कर १० प्रतिशत लिने ।

*गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमाजिम प्रतिश्पर्धात्मक विधीवाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ ।*

अनुसूची ३

(दफा ५ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने मालपोत/भुमिकरका दरहरु

1. कृषि क्षेत्र -प्रति रोपनी रु. १५
2. सडक क्षेत्र -प्रति रोपनी रु.२५

(व्यवसायिक क्षेत्रमा भाडामा लिए/दिए बापत अनिवार्य रुपमा वहाल कर पालिकामा तिर्नु पर्ने ।)

3. औधोगिक क्षेत्र -प्रति रोपनी रु.२५
4. खानी तथा खनिज क्षेत्र -प्रति रोपनी रु.२५
5. बन क्षेत्र -(बन सम्बन्धि कार्यविधि बमोजिम)
6. नदि, खोला ताल तथा सिमसार क्षेत्र -(सम्बन्धित कार्यविधि बमोजिम)
7. सार्वजनिक उपयोग क्षेत्र -(सम्बन्धित कार्यविधि बमोजिम)
8. सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र -(सम्बन्धित कार्यविधि बमोजिम)

नोटः

- १ वर्षभन्दा लामो समय सम्म करनबुझाउनेलाई जम्मा कर रकममा २५%, ३ वर्षभन्दा बढी समय नबुझाउनेलाई ३५% , र ५ वर्षभन्दा लामो समय कर नवुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ ।



CamScanner

अनुसूची ४
(दफा ६ सँग सम्बन्धित)

**गाउँपालिकाले लगाउने व्यवसाय करको दरहरु**

तारकेश्वर गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा पेसा गर्दा व्यापार व्यवसाय वा पेसामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा बार्षिक रुपमा देहाय वमोजिम व्यवसाय कर असुल गरिनेछ ।

| क.स. | व्यवसाय कर | | दर | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ५०००।०० | |
| | | थोक | ४०००।०० | |
| | | खुद्रा | २५००।०० | |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० | |
| | | थोक | १५००।०० | |
| | | खुद्रा | १०००।०० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५००।०० | |
| | | थोक | १०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| ४ | सुनचाँदी पसल | थोक | १५००।०० | |
| | | खुद्रा पसल र मर्मत | १०००।०० | |
| ५ | औषधी पसल | थोक | ३०००।०० | |
| | | खुद्रा डाक्टर भएको | २०००।०० | |
| | | खुद्रा डाक्टर नभएको | १५००।०० | |
| ६ | माछामासु बिक्री पसल | | २०००।०० | |
| ७ | आयुर्वेदिक औषधी पसल | | १०००।०० | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | एग्रोभेट पसल | थोक | २०००।०० | |
| | | खुद्रा | १०००।०० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | २०००।०० | |
| | | खुद्रा | १०००।०० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेटप्रेस | २०००।०० | |
| | | साधारण प्रेस | १०००।०० | |
| ११ | कस्मेटिक पसल | | १०००।०० | |
| १२ | मोटर पार्ट्स | थोक | २०००।०० | |
| | | खुद्रा | १५००।०० | |
| १३ | प्लाइ तथा ग्लास | थोक | २५००।०० | |
| | | खुद्रा | १५००।०० | |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्यागपसल | थोक | २०००।०० | |
| | | खुद्रा | १५००।०० | |
| १५ | धागोटाँक पसल | थोक | १०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| १६ | इलेक्ट्रोनिक तथा मोवाईल पसल | वितरक | ३०००।०० | |
| | | थोक | १५००।०० | |
| | | खुद्रा | १०००।०० | |
| १७ | हार्डवेयर पसल | थोक | ५०००।०० | |
| | | खुद्रा | ३०००।०० | |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० | |
| | | पेट्रोल बिक्री केन्द्र | ३०००।०० | |
| | | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० | |
| | | मट्टितेल मात्र बिक्री | २०००।०० | |
| १९ | स्टिल आलमुनियम पसल | थोक | २०००।०० | |
| | | खुद्रा | १०००।०० | |
| २० | फर्निचर | थोक | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | १०००।०० | |
| २१ | ढुङ्गातथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २०००।०० | |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।०० | |
| | | हाते मेसिन | ५००।०० | |
| २३ | स्नुकर तथा पुल हाउस | | २०००।०० | |
| २४ | पशुआहार बिक्री केन्द्र | | १०००।०० | |
| २५ | किराना पसल | थोक | १५००।०० | |
| | | खुद्रा | ५००।०० | |
| २६ | फलफूल पसल | थोक | १०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| २७ | उपहार सामाग्री तथा गिफ्ट पसल | थोक | १०००।०० | |
| | | खुद्रा | ५००।०० | |
| २८ | भाँडा पसल | थोक | २५००।०० | |
| | | खुद्रा | १५००।०० | |
| २९ | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।०० | |
| ३० | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० | |
| | | कन्सल्टेन्सि (ईन्जिनियरिङ) | २०००।०० | |
| | | कानुन व्यावसायी ल फर्म | २०००।०० | |
| | | लेखापरीक्षण व्यावसायी | २०००।०० | |
| | | दन्त चिकित्सक | २०००।०० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० | |
| | | पशु चिकित्सक डाक्टर | २०००।०० | |
| | | रोजगार सेवा | २०००।०० | |
| ३१ | ढुवानीतथा ट्रान्सपोर्ट | | २०००।०० | |
| ३२ | पेन्टर/साइनबोर्ड लेख्ने | | १०००।०० | |
| ३३ | खोटो व्यवसायी | | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | जग्गाव्यवसायी | | २०००।०० | |
| ३५ | निर्माणव्यवसायी | | ५०००।०० | |
| ३६ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १०००।०० | |
| उत्पादनमुलक उद्योग | | | | |
| ३७ | ग्रीलउद्योग | | ३०००।०० | |
| ३८ | जुत्ताउद्योग | | १५००।०० | |
| ३९ | घरेलु उद्योग (मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | | ५००।०० | |
| ४० | कपडातथा गार्मेन्ट उद्योग | | ५०००।०० | |
| ४१ | सिरकडसना उद्योग पसल | | १५००।०० | |
| ४२ | कुटानी पेलानी मिल | | १५००।०० | |
| ४३ | मसला मिल | | १०००।०० | |
| ४४ | डेरी उद्योग व्यवसाय | | १०००।०० | |
| ४५ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १०००।०० | |
| | | दालमोठ पाउरोटी चाउमीन | १०००।०० | |
| | | पापड चिप्स फिगर | १०००।०० | |
| ४६ | वनजन्य उद्योग | समिल प्लाइउड उद्योग | ५०००।०० | |
| | | काठ बिक्री डिपो | २०००।०० | |
| ४७ | क्रसर, कन्क्रीट, इटाभट्टा उद्योग | | १००००।०० | |
| ४८ | ढाकाटोपी पस्मिना उद्योग | | ५००।०० | |
| ४९ | सुर्तिजन्य उद्योग | | ५०००।०० | |
| ५० | होटल लज रेष्टुरेन्ट | होटल र लज | २०००।०० | |
| | | भोजनालय | १०००।०० | |
| | | मिठाई पसल | ५००।०० | |
| | | पार्टी प्यालेस | २५००।०० | |
| | | रेष्टुरेन्ट | २०००।०० | |
| | | चिया र खाजा पसल | ५००।०० | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | खाजा नास्ता पसल | २०००।०० | |
| ५१ | टेन्ट हाउस | | २०००।०० | |
| ५२ | | | | |
| | सञ्चार | एफ.एम.प्रसारण | २०००।०० | |
| | | केवुल च्यानल प्रसारण | २०००।०० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० | |
| | | फोटोकपी, साईबर | १०००।०० | |
| | | कुरियर सेवा | १०००।०० | |
| | | कलर ल्याव फोटो स्टुडियो | १०००।०० | |
| ५३ | वित्तीय | वाणिज्य वैंकप्रति शाखा कार्यालय | ५०००।०० | |
| | | विकास वैंक प्रति शाखा कार्यालय | ५०००।०० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ५०००।०० | |
| | | वित्तीय सहकारी संस्था तथा ऋण सहकारी संस्था | २०००।०० | |
| | | मनी ट्रान्सफर | १५००।०० | |
| | | विमा कम्पनी | २०००।०० | |
| | | लघु वित्त | २०००।०० | |
| | | कृषि सहकारी | १०००।०० | |
| ५४ | स्वास्थ्य सेवा व्यवसाय | निजीअस्पताल तथा नर्सिङ्ग होम | २५००।०० | |
| | | क्लिनिक तथा ल्याब | १५००।०० | |
| | | चस्मा पसल | १५००।०० | |
| ५५ | शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | | मावि उच्च मावि | १५००।०० | |
| | | मावि | १०००।०० | |
| | | आधारभूत | १०००।०० | |
| | | प्राथिमिक | १०००।०० | |
| | | छात्रावास | १०००।०० | |
| | | मन्टेश्वरी | १०००।०० | |
| | | पूर्व प्राथमिक | ८००।०० | |
| | | ट्युशन सेन्टर | १५००।०० | |
| | | कम्प्युटर तथा | १०००।०० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० | |
| ५६ | मर्मत सम्भार | टायर-ट्युवमर्मत, रिसोलिङ्ग,हावा भर्ने | १०००।०० | |
| | | इन्जिन मर्मत | १५००।०० | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० | |
| | | टिभी, फ्रिज, मोटर, पङ्खा, जेनेरेटर,कम्प्युटर | १५००।०० | |
| | | रेडियो, घडी, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० | |
| | | मोटरसाइकल मर्मत | १५००।०० | |
| | | वस,टयाक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० | |
| | | अन्य विविध मर्मत | १०००।०० | |
| ५७ | ड्राइक्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १०००।०० | |
| ५८ | फूलविरुवा पसल | | ५००।०० | |
| ५९ | बालुवा प्रशोधन केन्द्र (फिरफिरे) | | ७५०००।०० | |

अनुसूची ५

(दफा ७ सँग सम्बन्धित)

<u>गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू</u>

| क्र.सं. | व्यवसाय विवरण | प्रति बर्ष करका दरहरु |
|---|---|---|
| कबाडी कारोबार | | |
| १ | प्लाष्टिक , कागज आदिमा प्रति के.जी. | ५ पैसा |
| २ | अन्य कबाडी सबै प्रति के.जी. | २५ पैसा |
| जडीबुटीमा | | |
| ३ | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी | २००० |
| ४ | च्याउजन्य जडिबुटी व्यापार | ३००० |
| ५ | सल्ले खोटो व्यवसाय | ३००० |
| ६ | अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । | |



CamScanner

अनसची ६

(दफा ८ सग सम्बन्धित)

गाउँपालिकाले लगाउने विज्ञापन करका दरहरू

| क.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | हाडिङवार्ड पति वर्गफिट | बागमती प्रदेशको आर्थिक ऐन, २०८२मा व्यवस्था भए बमोजिमको बिज्ञापन कर लाग्नेछ । |
| २ | भित्तेलखन पति वर्गफिट | |
| ३ | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | |
| ४ | माइकिङ, प्रचार (प्रति दिन) | |
| ५ | अस्थायी गेट निर्माण -प्रति गेट) | |

१. मादक पदार्थ र धुम्रपानको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ ।

२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन ।



CamScanner

अनुसूची ७

(दफा ९ सँग सम्बन्धित)

<u>गाउँपालिकाले लगाउने सेवा शुल्क र दस्तुर र महसुलहरु</u>

सिफारीस प्रमाणित

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | रकम |
|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारीस | ५रोपनी सम्म | ५००।०० | |
| | | ५रोपनी देखि माथि | १०००।०० | |
| ३ | सर्जमिन सिफारीस | | २००।०० | |
| ४ | छात्रवृति सिफारीस | | निशुल्क | |
| ५ | विपन्न/असहायविद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | |
| ६ | अपाङ्गताभएको सिफारीस | | निशुल्क | |
| ७ | अस्थाइ बसोबास सिफारीस | | २००।०० | |
| ८ | स्थायी बसोबास सिफारीस | | २००।०० | |
| ९ | नागरिकता सिफारीस | वंशज | १००।०० | |
| | | अंगिकृत | ५००।०० | |
| | | प्रतिलिपि | २००।०० | |
| १० | विद्युत जडान सिफारीस | | २००।०० | |
| ११ | धारा जडान सिफारीस | | २००।०० | |
| १२ | जीवित रहेको सिफारीस | | १००।०० | |
| १३ | दुबैनाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००।०० | |
| १४ | व्यवसाय बन्द सिफारीस | | १००।०० | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २००।०० | |
| १६ | व्यापार व्यवसाय नभएको सिफारीस | | २००।०० | |
| १७ | कोर्टफी मिनाहा सिफारीस | | निशुल्क | |
| १८ | नाबालक परिचयपत्र सिफारीस | | २००।०० | |
| १९ | चौपायासम्बन्धी सिफारीस | | २००।०० | |
| २० | व्यवसायदर्ता सिफारीस | | २००।०० | |
| २१ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० | |
| २२ | विद्यालय ठाउँसारी सिफारीस | | २००।०० | |
| २३ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।०० | |
| २४ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धी /सिफारीस | | ५००।०० | |
| २५ | व्यक्तिगत विवरण नविकरण सिफारिस | | २००।०० | |
| २६ | जग्गादर्ता सिफारीस | | २००।०० | |
| २७ | संरक्षक सिफारीस व्यक्तिगत | | नि:शुल्क | |
| २८ | संरक्षक सिफारीस संस्थागत | | | |
| २९ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | २००।०० | |
| ३० | | नि:शुल्क उपचारको लागी | नि:शुल्क | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य उपचारको सिफारीस | सःशुल्क उपचारको लागी | निःशुल्क | |
| ३१ | संस्थादर्ता सिफारीस | | ५००।०० | |
| ३२ | जग्गाधनी पुर्जा हराएको सिफारीस | | २००।०० | |
| ३३ | जिवित सँगकोनाता प्रमाणित | | १००।०० | |
| ३४ | मृतक सँगकोनाता प्रमाणित | | १००।०० | |
| ३५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | ५००।०० | |
| ३६ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निःशुल्क | |
| ३७ | जग्गा मुल्याङ्कन सिफारीस / प्रमाणपत्र सिफारिस | रु. १० लाख सम्मको सिफारिसमा | रु. १००० | |
| | | रु. १० लाख भन्दा माथिको सिफारिसमा | मुल्याङ्कन रकमको ०.१% रकम | |
| ३८ | चार किल्ला प्रमाणित | | २००।०० | |
| ३९ | जन्ममिति प्रमाणित | | २००।०० | |
| ४० | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० | |
| | | बाटो नभएको | १००।०० | |
| ४१ | विवाहप्रमाणित | | १००।०० | |
| ४२ | घरपाताल प्रमाणित | | २००।०० | |
| ४३ | कागज/मञ्जुरिनामा प्रमाणित | | २००।०० | |
| ४४ | हकवालावा हकदार प्रमाणित | | २००।०० | |
| ४५ | | पक्की | १०००।०० | |



CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | घर सम्पन्न सिफारिस / प्रमाणपत्र सिफारिस | कच्ची | ५००।०० | |
| ४६ | अविवाहित प्रमाणित | | २००।०० | |
| ४७ | अपुताली सिफारिस | | २००।०० | |
| ४८ | अन्यसिफारीस वा प्रमाणित | | २००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | दर्ताशुल्क | | | |
| ४९ | जन्मदर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | संघीय कानुन बमोजिम | |
| ५० | मृत्यदर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | | |
| ५१ | बसाइसराइ दर्ता | जाने | संघीय कानुन बमोजिम | |
| | | आंउने | | |
| ५२ | विवाहदर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | | |
| ५३ | नयाँ व्यवसाय दर्ता | १ लाख सम्मको | १०००।०० | |
| | | १ लाखं देखि ५ लाखसम्म | १५००।०० | |
| | | ५ लाख देखि माथि २० लाख सम्मको | २०००।०० | |
| | | २० लाख देखि माथि | ३०००।०० | |
| नोटः महिलाको नाममा व्यवसाय दर्ता गर्दा नयाँ दर्तामा ५० प्रतिशत छुट दिईनेछ । | | | | |
| ५४ | फिरफिरे दर्ता | | ६०००।०० | |
| ५५ | फिरफिरे नविकरण | | १५०००।०० | |
| ५६ | एफ.एम रेडियो दर्ता | | १००००।०० | |
| ५७ | एफ.एम रेडियो नविकरण | | ५०००।०० | |
| ५८ | एफ.एम रेडियो ठाउँसारी | | २०००।०० | |
| ५९ | निर्माण व्यवशाय दर्ता | | ३००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ६० | निर्माण व्यावशाय नविकरण | | ५०००।०० | |
| ६१ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | १००।०० | |
| ६२ | व्यवसाय नविकरण | १लाख सम्मको | ५००।०० | |
| | | १ लाख देखि ५ लाखसम्म | १०००।०० | |
| | | ५ लाख देखि माथि २० लाख सम्मको | २०००।०० | |
| | | २० लाख देखि माथि | २०००।०० | |

*नोटः प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउँदा प्रति प्रमाणपत्र रु.५०० थप दस्तुर लाग्नेछ ।*

सुचिकृत शुल्क

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | फर्म/व्यावशाय सुचिकृत शुल्क | रू.१००० | |

माटो परिक्षण शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | माटो परिक्षण शुल्क | १६ ओटा खनिज तत्वको परिक्षण | रू.१०० | |
| २ | PH level | माटोको अम्लियपन | निःशुल्क | |

पशुपंक्षि पोस्टमार्टम शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पशु | भैंसि, गाई, बाखा, भेडा लगायतका पशु चौपाय | रु. ५० | |
| २ | पंक्षि | कुखुरा, हाँस, बट्टाई, परेवा लगायतका सम्पुर्ण पंक्षिहरु | रु.१० | |

गोबर परिक्षण शुल्क

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | गोबर परिक्षण | निःशुल्क | |



CamScanner

अनुसुचि (८)

दफा (१०) संग सम्बन्धित

गाउँपालिकाले लगाउने नक्सापास दस्तुरहरु

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | नक्सापास सिफारीस | पक्कि घर (प्रति वर्ग फिट) | रु. २.०० | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | रु. १.०० | |
| २ | नक्सापास निवेदन दस्तुर | प्रति निवेदन | रु. १०० | |
| ३ | घरजग्गा नामसारी दस्तुर | प्रतिघर जग्गा | रु. ५०० | |
| ४ | प्रतिलिपि नक्सा प्रमाणित दस्तुर | प्रति प्रतिलिपि | रु.१००० | |
| ५ | वडा सचिवबाट फिल्ड सर्जिमिन दस्तुर | | निःशुल्क | |



CamScanner